# आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी

# मापदण्ड, २०७६

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाडौं

ज्येष्ठ, २०७६

# आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावना:** सुशासन, विकास र समृद्धिको लागि आयोजना व्यवस्थापन र सार्वजनिक खर्च प्रणालीमा प्रभावकारिता ल्याउन बहुवर्षीय आयोजनाहरूको समुचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। आयोजनाहरू निर्दिष्ट समय, लागत र गुणस्तरमा सम्पन्न गरी विकास कार्यमा तीव्रता हासिल गर्न नेपाल सरकारद्वारा मन्त्रालय वा अन्तर्गत संचालित विभिन्न बहुवर्षीय आयोजनाहरूको समुचित व्यवस्थापन गर्नका लागि निश्चित आधार, मापदण्ड तथा क्षेत्रहरुका निश्चित आधारहरू निर्धारण गर्न आवश्यक भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो मापदण्डको नाम "आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

ख) यो मापदण्ड नेपाल सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:-

क) **"आयोग"** भन्नाले राष्ट्रिय योजना आयोग सम्झनुपर्दछ।

ख) **"आयोजना"** भन्नाले नेपाल सरकार वा यस अन्तर्गतका निकाय वा कार्यालयबाट संचालित आयोजनाहरूलाई जनाउँछ।

ग) **"बहुवर्षीय ठेक्का"** भन्नाले एक वर्षभन्दा बढी समय लाग्ने गरी आयोजना कार्यान्वयन गर्ने निकाय र निर्माण पक्षबीच सम्पन्न सम्झौता सम्झनुपर्दछ।

घ) **"आयोजना"** भन्नाले नेपाल सरकार वा यस अन्तर्गतका निकायका कार्यालयबाट संचालित आयोजनाहरूलाई जनाउँछ।

ङ) **"मन्त्रालय"** भन्नाले बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने संघीय मन्त्रालय सम्झनुपर्दछ।

च) **"राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना"** भन्नाले आयोगले मिति २०७५/११/०९ मा स्वीकृत गरेको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ले निर्धारण गरेबमोजिमका आयोजना सम्झनुपर्दछ।

छ) **"विभाग"** भन्नाले बहुवर्षीय ठेक्कामा संलग्न संघीय विभागलाई जनाउँछ।

३. आयोजना प्रस्तावको ढाँचा:

क) बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुअघि सम्बन्धित मन्त्रालय/निकायले आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ । आयोगले पूर्वस्वीकृतिको लागि प्राप्त भएको मितिले १५ दिनभित्र अनिवार्य रुपमा निर्णय उपलब्ध गराउनुपर्नेछ ।

ख) आयोगबाट पूर्वस्वीकृति प्राप्त भएपश्चात श्रोत व्यवस्थापनको सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ । मन्त्रालयले पूर्वस्वीकृतिका लागि प्राप्त भएको मितिले अनिवार्य ७ दिनभित्र निर्णय दिईसक्नुपर्नेछ ।

ग) बहुवर्षीय आयोजनाहरुको ठेक्काको पूर्वस्वीकृतिका लागि मन्त्रालयले अनुरोध गर्दा राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ बमोजिम (अनुसूची १) वा राष्ट्रिय योजना आयोगले तयार गरेको राष्ट्रिय आयोजना बैक सम्बन्धी मार्गदर्शनमा उल्लेख भएको आयोजनाहरुको लागि तोकिएको ढाँचा (अनुसूची २) बमोजिम प्रस्ताव गर्नुपर्नेछ । साथै, प्रस्तावसँगै पहिलो तीनवर्षको त्रिवर्षीय चालु, पुँजीगत, वित्तीय व्यवस्थाको बजेट, श्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण समेत संलग्न गर्नुपर्नेछ ।

घ) तीन वर्षभन्दा बढी आयोजना अवधि भएका आयोजनाहरूको हकमा बाँकी अवधिका लागि पुन: अर्थ मन्त्रालय र आयोगको सहमति माग गर्नुपर्नेछ ।

**४. बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्रहरू:** देहायका क्षेत्रहरूमा कार्यान्वयन हुने आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न पूर्वस्वीकृति दिन सकिनेछ:

क) सडक, हवाई, रेल, जलयातायात, रज्जुमार्ग तथा अन्य यातायात पूर्वाधार

ख) सिँचाई, उर्जा तथा जलश्रोत

ग) सूचना प्रविधि तथा संचार

घ) भवन, आवास तथा शहरी विकास

ङ) औद्योगिक तथा व्यापारजन्य पूर्वाधार

च) खानेपानी र सरसफाई

छ) खेलकुद पूर्वाधार